# अनौपचारिक शिक्षा कार्यक्रम अन्तर्गत महिला साक्षरता पुस्तकको अध्ययन


अर्चना सापकोटा

त्रि.वि.वि.दर्ता.नं. : ७-१-७-१४-९९

दोश्रो वर्षको परीक्षा रो. नं. : २८१४५८/०६७


त्रिभुवन विश्व विद्यालय, शिक्षा शास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग
अन्तर्गत स्नातकोत्तर तह, दोस्रो वर्षको (नेपा.शि. ५९८)
पाठ्यांशको प्रयोजनार्थ प्रस्तुत गरिएको

## शोध पत्र २०६९


नेपाली भाषा शिक्षा विभाग

त्रिभुवन विश्व विद्यालय

कीर्तिपुर, काठमाडौं


अनौपचारिक शिक्षा कार्यक्रम अन्तर्गत महिला साक्षरता पुस्तकको अध्ययन ९६ अर्चना सापकोटा २०६९

**त्रिभुवन विश्व विद्यालय**

**शिक्षा शास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग**

**कीर्तिपुर, काठमाडौं**

# सिफारिस पत्र

श्री अर्चना सापकोटाले **'अनौपचारिक शिक्षा कार्यक्रम अन्तर्गत महिला साक्षरता पुस्तकको अध्ययन'** शीर्षकको शोधपत्र मेरो निर्देशनमा रही नेपाली भाषा शिक्षा विभाग अन्तर्गत तयार गर्नु भएको हो । उहाँले मेहेनत र परिश्रमका साथ तयार गर्नु भएको प्रस्तुत शोध पत्र आवश्यके मूल्याङ्कनको लागि सिफारिस गर्दछु ।

मिति : २०६९/ /

**शोध निर्देशक**

............................

उप. प्रा. दिनेश घिमिरे

शिक्षा शास्त्र सङ्काय

नेपाली भाषा शिक्षा विभाग

त्रि.वि.कीर्तिपुर

**त्रिभुवन विश्व विद्यालय**
**शिक्षा शास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग**
**कीर्तिपुर, काठमाडौं**

# स्वीकृति पत्र

त्रिभुवन विश्व विद्यालय, शिक्षा शास्त्र सङ्काय नेपाली भाषा शिक्षा विभाग, त्रि.वि. कीर्तिपुरका छात्रा अर्चना सापकोटाले तयार पार्नु भएको महिला साक्षरता पुस्तकको अध्ययन शीर्षकको शोधपत्र स्नातकोत्तर तह द्वितीय वर्षको नेपाली विषयको विशिष्टीकरण (नेपा.शि. ५९८ पाठ्यांशको) प्रयोजनका निम्ति उपयुक्त भएकोले स्वीकृत गरिएको छ ।

**शोधपत्र मूल्याङ्कन समिति**

| **क.सं. नाम** | **हस्ताक्षर** |
|---|---|
| १. **प्रा.डा. सुष्मा आचार्य** (विभागीय प्रमुख) | ............................... |
| २. **प्रा.डा. पारसमणि भण्डारी** (अध्यक्षः विषय समिति) | ............................... |
| ३. **उप. प्रा. दिनेश घिमिरे** (शोधनिर्देशक) | ............................... |

मिति :

## कृतज्ञताका दुई शब्द

**'अनौपचारिक शिक्षा कार्यक्रम अन्तर्गत महिला साक्षरता पुस्तकको अध्ययन'** नामक प्रस्तुत शोध पत्र मेरो औपचारिक अध्ययनको एक अंश हो । विद्यालयको एउटा अंशको रूपमा भए पनि अन्य कतिपय विषय जस्तो यो विषयमा खोज अनुसन्धान निकै कम हुने भएकोले मैले यो विषय रोजेकी हुँ । नौलो सान्दर्भिक सामग्रीहरूको आवश्यकता खट्किदो रहेछ । आफूले कोसिस गर्दा गर्दै पनि सोचे र चाहे अनुसारको शोधपत्र तयार गर्न सकिनकि जस्तो लागि रहेको छ तापनि शिक्षा सेवा र सोही अन्तर्गत संचालित अनौपचारिक शिक्षासँग सम्बन्धित विभिन्न विद्वान्हरूको आवश्यक सल्लाह र सहयोग लिएर मैले प्रस्तुत शोधपत्र तयार पारेकी छु । नयाँ खाले र धेरै चल्ती नभएको विषयमा शोध गर्न पाएकोमा हर्षित र गौरवान्ति भएको छु । वास्तवमा भन्नु पर्दा मैले यस शोधपत्र तयार पार्ने क्रममा हासिल गरेको व्याबहारिक ज्ञान र अनुभव कहिल्यै बिर्सन सक्दिनँ ।

प्रस्तुत शोधकार्यमा आफ्नो अमूल्य समय सल्लाह, सुझाब र मार्ग दर्शन प्रदान गर्नु हुने आदरणीय शोध निर्देशक गुरु उप.प्रा. दिनेश घिमिरे साथै अध्ययन कार्यमा हौसला प्रदान गर्नु हुने गुरु प्रा.डा. केदार प्रसाद शर्माप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । त्यसै गरी समयमानै शोध प्रस्ताव निर्माणदेखि शोध प्रतिवेदन प्रस्तुतिसम्म हरेक क्षणमा सहयोग पुऱ्याउनु हुने यस विभागमा कार्यरत आदरणीय गुरुहरूप्रति हार्दिक कृतज्ञता व्यक्त गर्दछु । साथै अनौपचारिक कक्षामा सहभागी एवं सहयोगी कार्यकर्ताहरू उहाँहरू बिना यो अध्ययन नै हुन सक्दैनथ्यो - उहाँहरूप्रति पनि हार्दिक कृतज्ञता टक्राउँदछु ।

त्यसै गरी शोधपत्र तयारीका क्रममा आफ्ना मूल्यवान सुझाब र सल्लाह दिएर अभिप्रेरित गर्नु हुने श्रद्धेय गुरु डा. चन्द्रेश्वर मिश्र, सह-प्राध्यापक भोला के.सी.ज्यूप्रति पनि हार्दिक कृतज्ञता व्यक्त गर्दछु । शोधकार्यका लागि तथ्याङ्कहरू सङ्कलनमा सहयोग पुऱ्याउनु हुने साथीहरू दिपेन्द्र बहादुर चन्द, चूडामणि पाण्डेय, निशा राई, अष्ट

महर्जन, कैलाश राईप्रति कृतज्ञ छु । निरन्तर अभिप्रेरित गर्ने माता कमला सापकोटा पिता केशव सापकोटाको योगदान अविश्मरणीय रहेको छ ।

प्रस्तुत शोधपत्रलाई स्वीकार गरी शोधपत्र लेख्न अनुमति दिने त्रिभुवन विश्व विद्यालय भाषा शिक्षा विभागप्रति कृतज्ञता ज्ञापन गर्दछु । अन्त्यमा छिटो छरितो र शुद्ध रूपमा टङ्कन गरी सहयोग गर्ने भाई रमेश महर्जनलाई धन्यवाद दिँदै प्रस्तुत शोधपत्रको आवश्यक मुल्याङ्कनका निम्ति त्रि.वि. नेपाली भाषा शिक्षा विभाग समक्ष पेस गर्दछु ।


विनीत
अर्चना सापकोटा
नेपाली भाषा शिक्षा विभाग
शिक्षा शास्त्र सङ्काय
त्रि.वि., कीर्तिपुर

# शोध सार

**शोध शीर्षक** : अनौपचारिक शिक्षा कार्यक्रम अन्तर्गत महिला साक्षरता पुस्तकको अध्ययन

**शोधार्थी** : अर्चना सापकोटा

**शोध निर्देशक** : उप प्रा. दिनेश घिमिरे

**विभाग/क्याम्पस** : नेपाली भाषा शिक्षा विभाग, विश्व विद्यालय क्याम्पस, त्रि.वि., कीर्तिपुर

**शैक्षिक वर्ष** : २०६६-०६८

**अध्याय** : पाँच

**शोध प्रक्रिया**

प्रस्तुत शोध पत्र स्नातकोत्तर तह दोस्रो वर्षको नेपाली भाषा शिक्षा विषयको पाठ्याशं (नेपा.शि. ५९८) को परिपूर्ति गर्ने प्रयोजनको लागि तयार पारिएको हो । भाषा पाठ्यक्रम अन्तर्गत भाषा पाठ्य पुस्तकको अध्ययन तथा विश्लेषण गर्दा अपनाइने सिद्धान्तका आधारमा अनौपचारिक वैकल्पिक शिक्षा अन्तर्गत महिला साक्षरता पुस्तकको अध्ययन तथा विश्लेषण गरिएको छ । प्रस्तुत अध्ययनका मूल उद्देश्यहरूमा अनौपचारिक शिक्षाका बारेमा परिचय दिनु, अनौपचारिक शिक्षा पाठ्यक्रम अनुरूपताको आधारमा महिला साक्षरता पुस्तकको विश्लेषण गर्नु, पाठ्य पुस्तक निर्माणका वाह्य र आन्तरिक विशेषताको आधारमा उक्त पाठ्य पुस्तकको विश्लेषण गर्नु, उक्त पाठ्य पुस्तकका सबल र दुर्बल पक्ष पहिल्याई सुझाब प्रस्तुत गर्नु रहेको छ । जसका लागि मुख्य रूपमा पुस्तकालय विधिको प्रयोग गर्नुको साथै भाषा पाठ्य पुस्तकविद, विषय विशेषज्ञ वुद्धिजीवी, शिक्षक, लेखक तथा सरोकार वालाहरूसँगको छलफल सल्लाह र अनौपचारिक शिक्षा केन्द्र सानोठिमीबाट प्रकाशित हुने पुस्तकहरूलाई आधार मानिएको छ । यसको निष्कर्षहरूलाई तल प्रस्तुत गरिएको छ :

१. पाठ्यक्रम अनुरूपताको आधारमा पाठ्य पुस्तक निर्माण गरे तापनि पाठ्यक्रमले दिन खाजेको कुराहरू छुटेको महसुस हुन्छ ।
२. विषयगत विविधतालाई समेट्न खोजेको देखिए तापनि वितरणमा भने बेवास्ता गरिएको देखिन्छ ।
३. पढाइ र लेखाइलाई मात्र जोड दिनु सुनाइ र बोलाइलाई बेवास्ता गरिएको देखिन्छ ।
४. अभ्यासहरूलाई समानुपातिक रूपमा वितरण गरिएको भए राम्रो हुने देखिन्छ ।
५. सिकारुको रूचि, तह, मनोवैज्ञानिक पक्षलाई ध्यान दिएको देखिन्छ ।
६. पाठ्य पुस्तकको आवरण पृष्ठ र सुलभतामा सन्तोष जनक नै देखिन्छ ।
७. पाठ्यक्रमले निर्धारण गरेको उद्देश्य अनुरूप पाठ्य पुस्तक तयार भएको पाइँदैन ।

अनौपचारिक शिक्षामा प्रयुक्त सामग्री अन्तर्गत महिला साक्षरता पुस्तकको अध्ययन विश्लेषण गर्दा यसले पाठ्यक्रमले निर्देशन गरेको र यावत पक्षहरूलाई समेट्न नसकेको आभास हुन्छ । महिला साक्षरता पुस्तक विशेष गरी महिलाहरूलाई लक्षित गरेर तयार परिएको हुन्छ । महिलाहरूलाई सामान्य साक्षर वनाइ दैनिक व्यवहारिक समस्या समाधान गर्ने लक्ष्य यसले लिएको पाइन्छ । आधा आकाश टाक्ने महिलाहरू नै निरक्षर भएपछि घर परिवार समाज राष्ट्रको विकास हुन सक्दैन । यहि मर्मलाई बुझि महिला साक्षरता कार्यक्रम गाउँ गाउँमा सञ्चालन हुँदै आएको पाइन्छ । यस्तो संवेदनशील विषयमा पाठ्यक्रमले तोकेका विभिन्न पक्षहरूलाई समेटेर व्यवस्थित गरेको भए यसले सही मार्ग निर्देशन दिन सक्थ्यो ।

# विषय सूची


| | | पृष्ठ |
|---|---|---|
| **अध्याय एक : शोध परिचय** | | **१-१०** |
| १.१ | शोध शीर्षक | १ |
| १.२ | शोध प्रयोजन | १ |
| १.३ | विषय प्रवेश | १ |
| १.४ | समस्या कथन | ४ |
| १.५ | उद्देश्य | ४ |
| १.६ | औचित्य | ५ |
| १.७ | अध्ययनको सीमा | ६ |
| १.८ | पूर्वकार्यको समीक्षा | ६ |
| १.९ | शोध अध्ययन विधि | ९ |
| १.१० | शोधपत्रको सम्भावित रूपरेखा | १० |
| **अध्याय दुई : अनौपचारिक शिक्षाको सैद्धान्तिक परिचय** | | **११-३४** |
| २.१ | विषय प्रवेश | ११ |
| २.२ | अनौपचारिक शिक्षाको स्वरूप | १३ |
| २.३ | अनौपचारिक शिक्षाका विशेषताहरू | १३ |
| २.४ | अनौपचारिक शिक्षाको महत्त्व | १४ |
| २.५ | औपचारिक र अनौपचारिक शिक्षामा फरक | १६ |
| २.६ | अनौपचारिक शिक्षाको ऐतिहासिक विकास | १८ |
| २.७ | अनौपचारिक 'महिला साक्षरता कार्यक्रम' | २३ |
| २.८ | अनौपचारिक भाषा पाठ्य पुस्तकको परिचय | २४ |
| २.९ | भाषा पाठ्यक्रम र भाषा पाठ्य पुस्तकको सम्बन्ध | २६ |
| २.१० | भाषा पाठ्य पुस्तक विश्लेषण प्रक्रिया | २७ |
| २.११ | आन्तरिक वा शैक्षिक आधार | २८ |
| | २.११.१ विषयवस्तु | २८ |

२.११.२ विधा र प्रस्तुति २९
२.११.३ भाषिक संरचना, शैली र शब्द भण्डार २९
२.११.४ नमुना अभ्यास ३०
२.११.५ चित्र ३०
२.११.६ भूमिका तथा निर्देशन ३१
२.१२ बाह्य वा भौतिक पक्ष ३१
२.१२.१ बनोट ३१
२.१२.२ अक्षरको आकार ३२
२.१२.३ छपाइ र बँधाइ ३२
२.१२.४ कागजको स्तर ३३
२.१२.५ मूल्य ३३
२.१२.६ सुलभता ३३
२.१२.७ विषय सूची ३४
२.१२.८ शब्द सूची ३४
२.१२.९ निश्कर्ष ३४
**अध्याय तिन : पाठ्यक्रम अनुरूपताको आधारमा महिला साक्षरता पुस्तकको विश्लेषण ३५-४९**
३.१ सिपगत उद्देश्यको आधारमा 'महिला साक्षरता पुस्तकको विश्लेषण ३५
३.१.१ महिला साक्षरता आधारभूत तहको विषयवस्तुको विस्तृतीकरण ३५
३.१.२ अनौपचारिक शिक्षा अन्तर्गत महिला साक्षरता पुस्तकको विषय वस्तुको क्षेत्र र क्रमलाई तालिकामा देखाइएको छ । ४६
३.१.३ शब्दकोश ४९
३.१.४ शब्द भण्डार ४९
३.१.५ वाक्यमा शब्द सङ्ख्या ४९
३.१.६ निश्कर्ष ४९

**अध्याय चार : पाठ्य पुस्तकको आन्तरिक र वाह्य विशेषताको आधारमा विश्लेषण** **५०–६२**
४.१ आन्तरिक आधारमा ५०
४.१.१ विषयवस्तु ५०
४.१.२ पाठ (विद्या तथा प्रस्तुति) ५४
४.१.३ भाषिक संरचना, शैली र शब्द भण्डार ५५
४.१.४ नमुना अभ्यास ५६
४.१.५ चित्र ५७
४.१.६ भूमिका तथा निर्देशन ५९
४.२ बाह्य तथा भौतिक पक्षको आधारमा ६०
४.२.१ बनोट ६०
४.२.२ अक्षरको आकार ६०
४.२.३ छपाई र बँधाइ ६१
४.२.४ बँधाइ ६१
४.२.५ कागज ६१
४.२.६ मूल्य ६१
४.२.७ सुलभता ६२
४.२.८ विषय सूची ६२
४.२.९ शब्द सूची ६२
४.२.१० निश्कर्ष ६२
**अध्याय पाँच : निश्कर्ष तथा सुझाबहरू** **६३–६६**
५.१ निश्कर्ष ६३
५.२ सुझाबहरू ६५
५.३ भावी अनुसन्धानका लागि सम्भाव्य शीर्षकहरू ६६
**सन्दर्भ सामग्रीहरू**
**परिशिष्ट**